हरेक खबर, विशेष खबर
जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७
राष्ट्रिय दैनिक
# लहानपोस्ट
LAHANPOST DAILY
वर्ष : ०१ अंक : १४० पृष्ठ : ४ २०७७ पुस ०५ गते आइतबार (Sunday 20 December 2020) www.lahanpost.com मूल्य रु. ५।-
FOLLOW US facebook: lahanpost YouTube : lahanpost twitter : lahanpost instragram : lahanpost




## ६० वर्ष काम, शून्य दाम

६७ वर्ष पुगेका लछुवा आफू जान्ने भएदेखि नै धनलाल यादवको घरमा काम गर्न राखिएका थिए । बाबु/बाजेदेखि नै हरवा बस्दै आएकाले लछुवाको घर हुने कुरै भएन । त्यसैले आफ्नै भाइसँग एउटै घरमा काम गर्न बस्नु उनको बाध्यता थियो । तर भाइ भने करिब १० वर्षअघि पेटमा ग्यास भरिएका कारण मरे । लछुवाको मनमा सधैं झक्झक्याइरहने एउटा प्रश्न छ -राम्रोसँग उपचार गर्न पाएको भए बाँच्थ्यो कि ?

करिब ७ बिघा जमिन भएका धनलालको यसबीचमा धेरै प्रगति भयो । दुई छोरा र दुई बुहारी सबै कमाइधन्दामा संलग्न छन् । गोरू बेचेर ट्रयाक्टर किने । घर चिटिक्क पारे । राजनीतिक पहुँच पनि राम्रै बनाएका छन् । गाउँमा प्रतिष्ठा पनि राम्रै छ । तर उनैको खेतीपाती र बस्तुभाउको काम गरिदिने लछुवाको भने जान्ने हुँदा जे हाल थियो अहिले पनि त्यसमा एक रत्ति फेरबदल आएको छैन । बरू बल्लतल्ल बिहे गरेर दुःखजिलेसँग भित्र्याएकी श्रीमती पनि केही वर्ष सँगै बस्नै नपाइ बितिन् । लछुवा भन्छन्-जिन्दगीमा दुःखबाहेक केही हात परेको छैन आजसम्म ।'

खासगरी उखु, धान र गहुँ लगाउँछन् धनलाल । रोप्ने, गोड्ने र भित्र्याउने बेलामा केही जन ( खेताला) लगाउँछन् । नत्र जोत्ने काम भने लछुवाकै काँधमा रह्यो वर्षैभर । यति धेरै जमिन एउटै व्यक्तिले जोत्नुपर्ने भएपछि लछुवालाई फुर्सद मिल्ने कुरै भएन । फुर्सदै नमिलेपछि आरामले उनलाई कहिल्यै चिनेन । जब धनलालले गोरू बेचेर खेत जोत्ने ट्रयाक्टर किने, लछुवालाई लागेको थियो कि अब केही फुर्सद मिल्नेछ । तर उनको यो अनुमान कहिल्यै वास्तविकतामा परिणत हुन सकेन । कारण-ट्रयाक्टरले खेत जोत्न थालेपछि उनको भूमिका फेरियो । अब उनी हरवाबाट चरवामा परिणत भए । अर्थात खेतीको कामबाट गाईवस्तुको स्याहारसुसारमा खटाइए । यो उनका लागि पदोन्नति थियो वा अवनति ? उनले नै बुझेका छैनन् रे । यतिखेर लछुवाको काम भनेको धनलालको घरमा रहेका एक गाई, एक भैंसी, केही बाख्रा र पाडापाडीको स्याहार गर्नु हो । घाँस/पराल ल्याउ, काट, खुवाउ, चराउ, धोइ पखाली गर, जे जे गर्नुपर्छ गर तर टन्न खुवाऊ, राम्रो बनाऊ भन्ने बाटो नदेऊ- बस् यही हो उनको जिम्मेवारी गाईवस्तुसँगै सम्बन्धित भएर होला, उनको बसोबास पनि गाईवस्तु बाँध्ने गोठसँगै मिलाइदिएका छन् धनलालले ।

७ वर्षकै उमेरदेखि काम गर्न थालेका भए पनि लछुवाले धनलालको घरमा काम गरेका वर्ष ६० पुगे । त्यसैले धेरैले अनुमान गर्ने कुरा हो कि यिनीसँग राम्रै बचत हुनुपर्छ । तर विडम्बना, उनीसँग सको छैन । धनलाल र उनको परिवारले दिएको भए पो हुनु । उनले सुनाए-'सरकारले ज्येष्ठ नागरिकबापत दिने भत्ता ल्याउँछु र मन लागेको खर्च गर्छु ।' त्यो खर्च पनि प्रायः धनलालकै नाति/नतिनाका लागि खेलौना र चकलेटमा गर्दा रहेछन् ।

घरमूली धनलाल सबैका 'बुबा' हुन् अनि लछुवाचाहिँ 'बाबा' । आफूलाई सम्बोधन गर्दा बोलाइने यही शब्दमा लठ्ठ परेर न उनी मालिकसँग काम गरेको ज्याला माग्ने हिम्मत गर्छन् न त अरू हिसाबकिताब नै । उल्टै सरकारले दिने भत्तासमेत यही घरका लागि खर्च गर्छन् साँच्चै 'लछुवा बाबा'को भूमिकामा रहेर ।


लछुवा सदाय
बस्तीपुर, लहान नपा-१४, सिरहा

धनलालको भनाइ छ - ऊ यही घरको सदस्य हो । त्यसैले यहीं खान्छ, यहीं बस्छ, सकेको काम गर्छ । आफ्नै घरको सदस्यलाई पनि काम गरेको पैसा दिनुपर्छ र ? उनको आफ्नो धन्ने एक बहिनीमात्र छिन् । जो ऐलानीमा झुप्रो बनाएर बसेकी छिन् जजिकै र अवस्था पनि दयनीय छ । उनी तिनै बहिनीका लागि केही गरिदिन चाहन्छन् आफ्नो कमाइबाट तर आफैँसँग केही नभएपछि गरून् पनि कसरी अहिलेसम्म त वृद्ध नै भए पनि केही काम गर्न सक्छन् लछुवा । तर लछुवा थला परे वा काम गर्न नसक्ने भए भने ? उत्तर कसैसँग छैन । जिन्दगी नै हरवाइ-चरवाइ गर्दैमा बिताएका लछुवासँग बाँकी जीवनका लागि कुनै खासै सपना छैन न त महत्वाकाङ्क्षा नै । उनले मात्र यति भने -अहिले हट्टाकट्टै छु, का गर्दैछु, नसक्ने भए मालिकले केही गरिदेलान् नि ।

## लहानमा क्रिकेट प्रतियोगिता सुरु

जिल्लाको मुख्य व्यापारिक केन्द्र लहानमा टि ट्वान्टी क्रिकेट प्रतियोगिता शनिबार देखि सुरू भएको छ ।

लहान स्पोर्ट्स एकेडमीको आयोजना र अलख निरन्जन ज्वेलर्स लहान ( श्याम साह भोरे भोर) को टाइटल स्पोनर, चुरिया एग्रोटेक रिसर्च सेन्टर प्रा.लि र क्वालिटी टेलर्स ७ ट्रेडरको सहयोगमा संचालित टि ट्वान्टी क्रीकेट प्रतियोगिताको शनिबार एक कार्यक्रमका बीच उदघाटन गरिएको छ ।

लहान स्पोर्ट्स एकेडमीका सचिव विजय यादवको अध्यक्षता तथा चुरिया एग्रोटेक रिसर्च सेन्टर प्रालि लहानका सञ्चालक हरिदेव चौधरीको प्रमुख आतिथ्यता तथा शेख मिडिया हाउस प्रालि.,रेडियो सरगम ९३ मेगाहर्जका संचालक फिरोज शेख र महिला क्रिकेट प्रदेश-२ का चयनकर्ता अनिल शर्माको विशिष्ट आतिथ्यतामा उदघाटन गरिएको थियो ।

त्यसैगरी उदघाटन समारोहमा प्रमुख अतिथि हरिदेव

बाँकी ४ पेजमा




## वडा सदस्य साहले पारिश्रमिक भत्ताबाट नि: शुल्क कम्प्युटर तालिम सुरु गरे

■ फिरोज शेख

सिरहाको लहान नगरपालिका वडा नम्बर ८ का वडा सदस्य सुरेश कुमार साहले आफूले पाएको पारिश्रमिकलाई जनताको सेवामा प्रयोग गरेका छन् ।

वडा सदस्य साहले नगरपालिकाबाट पारिश्रमिक वापत प्राप्त रकम एक लाख ५० हजार रूपैयाँ भत्ताबाट आफ्ना वडाका युवा तथा



विद्यार्थीलाई स्वरोजगार, आत्मनिर्भर र प्रविधि ज्ञान सिकाइमा दक्ष बनाउने उदेश्यले तीन महिने आधारभूत निः शुल्क कम्प्युटर तालिम संचालन गरेका

बाँकी ४ पेजमा



फ्रेन्डस मोडेल हस्पिटल, लहान-४
(शिव मन्दिरको उत्तरपट्टि रघुनाथपुर)
हाम्रो सेवाहरू
NICU सहितको प्रसुति सेवा
२४ औं घण्टा इमरजेन्सी सेवा
डाक्टरहरू
बालरोग विशेषज्ञ डा. वृजेन्द्र यादव
मधुमेह, प्रेसर डा. ल्युस्युन यादव
प्रसुति रोग विशेषज्ञ डा. विरेन्द्र यादव

# सम्पादकीय

## बस्ती जोगाउने कि वन्यजन्तु ?

छिप्पिँदो साँझ । हातमा टर्चलाइट र लठ्ठी । खुट्टामा गमबुट । सिरहा र सप्तरीको उत्तरवर्ती चुरे फेद क्षेत्रका बासिन्दाको रात यसरी नै कट्छ, अचेल । अबेर रातीसम्म बलान खोला छेउछाउको जंगल वरपर समूहमा होहल्ला गर्छन् अनि सुत्छन् काठको मचानमा । हिउँद सुरुभएपछि हात्ती गाउँ पस्न थाल्छ, पालो नै बनाएर रातीराती धपाउन जाग्राम बस्नुपर्छ, आक्रमणको डर त किन नहुनु ।

स्थानीय बासिन्दा 'हत्केलामा ज्यान राखेर' हात्तीको मुखबाट बस्तीलाई जोगाउन लागि पर्छन । हात्तीसहितका वन्यजन्तु खेतबारीसँगै बस्तीमा नपसून् भनेर उपभोक्ता समितिले प्रयास नगरेको होइन । तर ती प्रयास अहिलेसम्म सफल देखिँदैनन् । हात्तीको आक्रमणबाट सिरहाको उत्तरवर्ती चुरे फेदी क्षेत्र सधै प्रताडित हुने गरेको छ । अहिलेसम्म ती क्षेत्रका ४ जना भन्दा बढीले जंगली हात्तीको आक्रमणबाट अनाहकमा ज्यान गुमाउनु परेको छ । हिउँद याममा हरेक रातजसो उत्तरवर्ती चुरे क्षेत्रका बस्तीमा जंगली हात्तीले आतंक मच्चाउने गरेको छ । यी क्षेत्रमा बर्सेनि हात्तीले घर भत्काउने, मान्छेलाई आक्रमण गर्ने, बालीनाली नष्ट गर्ने, घरका खाद्यान्न खाइदिने गर्छ ।

हिउँद याममा बर्सेनि जंगली हात्ती लगायत वन्यजन्तुको मार खेप्न बाध्य यस क्षेत्रका वासिन्दा 'मान्छेका लागि वन्यजन्तु कि वन्यजन्तुका लागि मान्छे ? के मान्छेलाई वन्यजन्तुको आहारा बनाउने हो ?' के विपन्न नागरिकले वन्यजन्तुका कारण ठूलो नोक्सानी बेहोर्नुपरेको भन्दै प्रश्न उठाउँछन् । उनीहरुको एउटै पीडा छ 'घरभित्र सुतौं हात्तीले छाप्रो भत्काएर मार्ला' भन्ने पीर हुन्छ घरबाहिर वा खेतमा शीत लहर ।

हात्तीले खेतबालीमा क्षति गरेपछि राहतका लागि निवेदन दिएको डेढ वर्षमा पनि नपाएको गुनासो गर्छन्, स्थानीय वासिन्दा । आर्थिक वर्ष ०७५ र ७६ मा मुलुकभर वन्यजन्तुबाट भएको मानवीयसहितको क्षतिबापत राज्यले ८ करोड ९० लाख खर्चिएको छ, जसमा चितवन निकुञ्जले मात्र २ करोड ५६ लाख ३९ हजार रुपैयाँ क्षतिपूर्ति, राहत उपलब्ध गराएको छ । क्षतिपूर्ति र राहत वितरणलाई झन् सहज बनाउनुपर्ने हो । तर ०७५ मा निर्देशिका संशोधन गरेर मुलुकभर वन्यजन्तुबाट भएको हानिनोक्सानी बापतको क्षतिपूर्ति र राहत सम्बन्धित निकुञ्ज, वन्यजन्तु आरक्ष र संरक्षित क्षेत्रबाट पाउने गरी केन्द्रीकृत गरियो । यसको अधिकार स्थानीय र प्रदेश सरकारलाई छैन ।

कतिपय हात्ती पीडित परिवारको ऐलानी खेत भएकाले बालीमा भएको क्षतिको राहत पाउँदैनन् । सदियौंदेखि भोगचलन गर्दै आएका तर जग्गाधनीपुर्जाविहीनले त्यस्तो राहत पाउँदैनन् । तसर्थ बर्सेनि वन्यजन्तुबाट पीडित परिवारको बारेमा दीर्घकालीन रणनीति अख्तियार गर्न जरुरी छ ।

# दिगो कृषि, पोषिलो आहार

**रघुनाथ लामिछाने**



**प्रसङ्ग १**

सिरहाको लहान नगरपालिका-१४, बस्तीपुरमा बस्छन् धनलाल यादव ।७ वर्षको उमेरदेखि उनको घरमा हरूवा बसेका लछुवा सदाय अहिले ६८ वर्षका भइसके तर पनि काममा उत्तिकै तल्लीन छन् । यसबीचमा धनलालले ट्र्याक्टर किने । लछुवाले जोत्नचाहिँ परेन । त्यसैले उनी हरूवाबाट चरूवामा परिणत भए तर दु:ख छुटेन। तर न उनी ज्याला पाउँछन् न त घुर्क्याएर जाने ठाउँ नै कतै छ । सरकारले ज्येष्ठ नागरिकलाई दिने भत्ता ल्याउँछन् र त्यो पनि मालिककै नाति/नातिनालाई मिठाइ खुवाएर सिध्याउँछन् ।

**प्रसङ्ग २**

धनुषाको भडरियास्थित मुसहरी टोलमा ६६ परिवार बस्छन् । उनीहरु सबैको काम अरूको खेतीपाती सुनिश्चित गरिदिनु हो । जसबापत पाउने ज्याला नै उनीहरूको जीविकोपार्जनको मुख्य आधार हो । २-३ धुरमा ठडिएका झुपडी नै उनीहरूको सम्पत्ति हो जसको जग्गा धनी पुर्जा पनि यिनीहरूसँग छैन । तर विडम्बना, यिनीहरूको झुपडीमै ठेस्सिन आइपुगेको बिघौं जमिन भने बाँझै छ ।

**प्रसङ्ग ३**

सप्तरीका कपिलदेव पासवान सुरूङ्गा नगरपालिका-७ स्थित पोखरिया बसानपट्टीका रवीन्द्र चौधरीको हरूवा रहँदै आएका छन् । ६ बिघा जग्गाको खेतीपाती सुनिश्चित गरिदिनुपर्ने भएकाले उनले कहिल्यै फुर्सद पाउँदैनन् । मालिककै कामको बोझका कारण जँचाउन लैजाने फुर्सदसमेत नभएपछि उनकी श्रीमती अकालमै मरिन्,७ वर्षअघि ।

हरूवा अर्थात जमिनवालाको खेतीपाती सुनिश्चित गरिदिने र त्यसबापत ठेकिएको ज्याला वा गरिखान केही जमिन पाउने प्रथा अझै पनि छ्याप्छ्याप्ती छ । पशुपन्छी चराउने सर्तमा राखिएको व्यक्तिले पाउने नामचाहिँ चरूवा हो । विशेषगरी तराईमा अहिले पनि खेतीपाती सुचारू गर्ने प्रणाली यही हो भन्दा फरक पर्दैन । यसरी हरूवारचरूवा बस्नेचाहिँ को हो त ? उत्तर सहज छ- आफ्नै जमिन नहुनेहरु । हो, जमिन नभए पनि खान त पर्‍यो । त्यसैले आफ्नो र परिवारको भेट भर्नकै लागि अरूको खेती ऊर्वर बनाइदिने र उसैलाई पोस्ने मानिस हो हरूवा/चरूवा । जसले जमिनदारको भकारी भरिदिन्छन् र आफूचाहिँ दयामायाले उसैले दिएको अनाज ल्याएर मिलिजुली बाँडेर खाए जस्तो गर्छन् ।

**भूमिमा स्वामित्व**

यसरी हरूवा/चरूवा बस्नेमा अपवादबाहेक सबै नै दलित छन् । यसको कारण के हो त ? गरिखान आफ्नो जमिन छैन। रोजगारीको विकल्प कतै भेटिन्न । तराई क्षेत्रमा ४४ प्रतिशत दलित पूर्णरूपमा भूमिहीन भएका तथ्यांक एकातिर छ भने अर्कोतर्फ दलित समुदायसँग १ प्रतिशत मात्र कृषि जमिन भएको अर्को तथ्यांक पनि छ । पछिल्लो जनगणनाले मुलुकमा दलितको संख्या १३ प्रतिशत देखाउने तर उनीहरूसँग खेतीयोग्य जमिन भने १ प्रतिशत मात्र हुनु नै हरूवा/चरूवा बस्नुपर्ने बाध्यताको उपज हो ।

दलित समुदायसँग जोडिएका तथ्यांक अझै डरलाग्दा भेटिन्छन् खोज्दै जाँदा । त्रिभुवन विश्वविद्यालयको एक सर्वेक्षणले भन्यो कि ७५ प्रतिशत मुसहरसँग घर/जग्गा नै छैन। अनि यस्ता डोमको संख्या ७१.७ प्रतिशत छ । जमिन भएका दलितमध्ये पनि ९० प्रतिशतसँग जीविकोपार्जनका लागि आवश्यक पर्ने जमिन छैन । यस्तो अवस्थामा उनीहरु जस्तोसुकै शोषण/उत्पीडन सहन पनि बाध्य हुनुपर्ने अवस्थालाई अन्यथा मान्न मिल्दैन ।

**जमिन नै किन ?**

मानिस भन्छन् 'सबैलाई जमिनै किन चाहियो ?अरु काम गरेर खाए भइहाल्यो नि ।' जो पुर्खौंदेखि भूमिहीन छ, उसले कहिले फुर्सद पाउने पढ्न ?, कसरी सिक्ने सिप ?, कसले बेहोरिदिने उसको पढाइ शुल्क ? पढाइ र सिप नै नभएपछि कहाँ पाउने जागिर ? त्यसैले उसले त्यही माटोसँग पौंठेजोरी खेल्नुपर्‍यो जुन पुर्खाले पनि गर्दै आएका थिए। त्यसैले हरूवा/चरूवा बाध्यता बन्यो, रहर हैन । मजदूरी गर्दा पनि टन्न खान त पुग्नुपर्ने हो तर त्यो अवसर पनि कहिल्यै पाएनन् यो समुदायले । धनुषास्थित कटैयाकी लीलादेवी मण्डलकी सासू गाउँकै एक जमिनदारको घरमा भाँडा माझ्ने काम गर्छिन्। तर यसबापत उनले पाउने भनेको वर्षमा ६ पसेरी अर्थात ३० किलोग्राम धान र २ वटा जडाउरी सारी मात्र हो । एक जनाले वर्षभरमा पाउने ज्याला यत्ति हो ? बोलिदिने कसले ?

सप्तरीको कञ्चनरुप नगरपालिका-१२ स्थित गहेडी टोलमा भेटिएका ढलाइ सदा महेश मण्डलको ३ बिघा जमिन खनजोतदेखि सबै काम गर्छन्। यसबापत उनले पाउने भनेको वर्षको १० मन धान मात्र हो । यसलाई अहिले चलनचल्ती मूल्यका हिसाबले पैसामा रूपान्तर गर्दा दैनिक २० रूपियाँ पर्न आउँछ । तर पनि उनी महेशकै काम गर्न बाध्य छन् किनकि उनीसँग यसबाहेकको विकल्प नै छैन ।

त्यसैले सबैलाई जमिन चाहिन्न भनेर वकालत गर्नेहरूले कि धरातलीय यथार्थ बुझेकै छैनन् कि त बुझ पचाइरहेका छन्। अर्थात सोझो अर्थमा भन्ने हो भने यो सिरानमा लालपुर्जा राखेर अरूलाई अर्ती दिनेहरूको रवाफ मात्र हो । जुन देशमा आफ्नो झुपडीमा धारा जडान गर्न, विद्युत् मिटर राख्न अनि प्रकोपका कारण भत्केको झुपडी बनाउने सरकारी सहयोग पाउनसमेत लालपुर्जा देखाउनुपर्ने नियम छ, त्यो देशमा जमिनै किन चाहियो र भन्नेहरूलाई स्वस्थ मान्न कदापि सकिन्न ।

**पोषिलो आहार**

पोषिलो आहारको अगाडि लाग्ने विशेषण हो । यस अर्थमा जब आहार उपलब्ध हुन्छ त्यसपछि मात्र यसअघि नाता जोड्न आइपुग्ने विशेषणको महत्व हुने गर्छ- रसिलो, मीठो, स्वादिलो, भरिलोआदि । यहाँ त पहिले आहारकै समस्या छ । वर्षभरि भाँडा माझेर ३० किलोग्राम ल्याउने लीलादेवीकी वृद्ध सासूले यति धानबाट कसरी पेट भरून् ?डाक्टरले भनेका १० हजार रूपियाँ जुटाउन नसक्दा श्रीमती गुमाउन पुगेका सिरहाको सखुवा नन्कारकट्टी गाउँपालिका-४ सखुवा टोलका गुलेती सदाले कसरी पोषिलो आहार भेटुन् ?

जुन देशमा उचित खानपानकै अभावका कारण ५ वर्षमुनिका प्रत्येक ३ बालबालिकामध्ये १ जना पुड्कोपन वा ख्याउटेको सिकार हुन्छन्, जुन देशमा अहिले पनि गिट्ठा र भ्याकुरको भरमा जीवन निर्वाह गर्ने समुदाय जिउँदै छ, त्यस्तो देशमा पोषिलो आहारको नारा नदी नै नभएको ठाउँमा पुलको बखान भन्दा पृथक हुनै सक्दैन ।

**समाधान**

नेपाल मात्र हैन, विश्वले नै अघिल्लो साता ४० औं खाद्य दिवस सप्ताह मनायो- 'हाम्रो पहल : दिगो कृषि, पोषिलो आहार' ब्यानरमुनि । तर नेपालमा भने यही ब्यानरले आयोजक देखि स्रोता/दर्शकसम्मलाई खिज्याइरहेको महसुस भएरह्यो।प्रश्न उठ्छ- के त्यसो भए अब दिगो कृषिको कुरै नगर्ने त ? अवश्य गर्ने हो। तर मुख्य सवाल कृषि कर्म कसले गर्छ भन्ने हो। कृषि दलित समुदायका कारण थेगिएको छ । कृषि भूमिहीनले थामेका छन् । कृषि साना किसानले जोगाएका छन् । कृषि महिलाले धानेका छन् । कृषि पढ्न/लेख्न नसकेकाले काँध थामिदिएका छन् । तर विडम्बना, यिनैसँग आफूले खेती गर्ने जमिनको स्वामित्व छैन। जोसँग उक्त जमिनको स्वामित्व छ उसले भने आफ्नै जमिन पनि चिनेको छैन । त्यसैले प्राथमिकता माटोमा जोतिनेसँग उक्त जमिनको स्वामित्व भयो भने मात्र कृषि

———बाँकी ४ पेजमा

## आजको राशिफल

हाम्रो पात्रोबाट साभार

**मेष** :- आजको दिन भाग्यशाली भएर देखा पर्नेछ । आफ्नो क्षेत्रमा प्रभूत्व जमाउन सकिनेछ । वैदेशिक क्षेत्रका अधूरा कार्यबाट सफलता मिल्नेछ ।

**वृष** :- शुभकार्यको चर्चा चल्नेछ । महिला वर्गबाट विशेष सहयोग मिल्नेछ । आर्थिक क्षेत्र मजबुत हुने देखिन्छ । न्यायिक कार्यमा सफलता मिल्नेछ ।

**मिथुन**:- बोलीको भरमा कार्य सम्पादन हुनेछ । सद्विचारले अभिप्रेरित हुनेहरूलाई बिस्तारै लाभ हुनेछ । शैक्षिक क्षेत्रमा सफलता मिल्नेछ । धार्मिक यात्राको योगछ ।

**कर्कट** :- लगनशीलताको कमिले गर्दा ठूलो उपलब्धि हातपार्न नसकिएला । समय प्रतिकुल भई कुलतमा मन जानेछ । झैँ-झमेलाको अवस्था पनि आउला ।

**सिंह**:- अनुहारमा कान्ति र मनमा शान्ति छाउनेछ । आँटेको र ताकेको कार्य पुरा हुनेछ । धार्मिक/सांस्कृतिक सभा-समारोहमा सरिक हुने अवसर मिल्नेछ ।

**कन्या** :- लाभ,हानी, आय,व्यय, सुख,दुख वरावरी मध्यम खालको दिन छ, साथै प्रणयसम्बन्ध र रतिराग बढाउने समय छ । लाभदायक यात्रापनि हुनसक्छ ।

**तुला** :- मनोरञ्जनका साथै धार्मिक कार्यमा रूचि बढ्नेछ । मनमा हर्ष,उमङ्ग र उत्साह छाउला । वैदेशिक क्षेत्रको काम अघी बढ्नेछ । वस्त्र लाभ पनि हुनसक्छ ।

**वृश्चिक** :- आज छोटो दुरीको लाभदायक यात्रा हुनेछ । राज्यबाट मान सम्मान मिल्नेछ । धर्म,कर्म तथा समाजसेवामा मन लाग्नेछ । वाहान सुख पनि मिल्नेछ ।

**धनु** :- शुभकार्यको चर्चा चल्नेछ । सुन्दर पहिरनले ब्यक्तित्वमा निखारता ल्याउनेछ । प्रेम र मित्रताको बन्धन कसिने बेला छ । मुद्धा मामिलामा सफलता मिल्नेछ ।

**मकर**:- धनार्जनका नयाँ स्रोतहरु पत्ता लाग्नेछन् । विद्या र बुद्धिको विकास हुनेछ । सजिलै अरूको बिश्वास जित्न सकिनेछ । आकस्मिक धन लाभ हुनेछ ।

**कुम्भ**:- आज मनमा हर्ष,उमङ्ग र उत्साह छाउला । भाग्यले विभिन्न अवसर जुराउनेछ । आफ्नो क्षेत्रमा प्रभूत्व जमाउन सकिनेछ । विशेष यात्रा हुनसक्छ ।

**मिन** :- आज स्वास्थ्य तथा सौन्दर्यतामा धन खर्च हुनेछ । अरूको भलाइका लागि दौडधूप गर्नु पर्नेछ । घरायसी विवाद बढ्नेछ । चोटपटक पनि लाग्न सक्छ ।

द सहारा
लोन सेविंग्स को-ऑपरेटिभ सोसाईटी लि.
(सहकारी ऐन २०४८ बमोजिम स्थापित) रजि. नं. ०१/०५०/०५१)

प्रधान कार्यालय
मलंगवा, सर्लाही
फोन नं. : ०४६-५२००१२, ०४६-५२०७५७
फ्याक्स : ०४६-५२११९४
email : thesahara2051@gmail.com

## द सहारा लोन सेविंग्स को-ऑपरेटिभ सोसाईटी लिमिटेड

मलंगवा, सर्लाही

# २४औं वार्षिक साधारण सभा

### बस्ने बारेको अत्यन्त जरुरी सूचना

*आर्थिक अभियान राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित मिति ०७७/०८/२३*

**आदरणीय शेयर सदस्य महानुभावहरु,**

यस संस्थाको मिति ०७७/०८/१९ गतेका दिन बसेको संचालक समितिको बैठकबाट भएको निर्णयानुसार यस संस्थाको २४औं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा बस्ने भएको हुँदा मिति ०७७/०८/१९ गते सम्ममा संस्थाको शेयर सदस्यता प्राप्त गरेको शेयर सदस्य महानुभावहरु साथै विभिन्न सेवा केन्द्रहरुबाट तोकिएका प्रतिनिधि सदस्यज्यूहरुले आ-आफुले प्राप्त गरेको शेयर सदस्यता परिचय-पत्र वा शेयर प्रमाण-पत्र अनिवार्य रुपले साथमा लिई तोकिएको स्थानको साधारण सभामा उपस्थित हुन आउन विनम्र अनुरोध गरिन्छ ।

**तपसिल**

*प्र.का. मलंगवा, सेवा केन्द्र बरहथवा, हरिऔंन, ईश्वरपुर, हरिपुर्वा, धनकौल, सिसौट (सर्लाही) तथा सम्पर्क कार्यालय सानेपा, ललितपुरबाट शेयर सदस्यता प्राप्त गर्नु भएका शेयर सदस्य ज्यूहरु तथा सेवा केन्द्रहरुबाट प्रतिनिधि तोकी पठाईएका सदस्यज्यूहरु*

मिति : २०७७ पौष २९ गते बुधवार ।
स्थान : होटल कुसुम प्यालेस (न.पा. मलंगवा वडा नं. ८, सर्लाही)
समय : विहान १०:०० बजे ।

*साथै तपसिलका सेवाकेन्द्रहरुबाट सदस्यता प्राप्त गरेको शेयर सदस्यहरुले तपसिल अनुसार आ-आफ्नो सेवा केन्द्रमा हुने साधारण सभा सम्बन्धी छलफल कार्यक्रममा सहभागी भई दिन हुन हार्दिक अनुरोध गरिन्छ ।*

**तपसिल**

| मिति | समय | कार्यालय | | कार्यालय | |
|---|---|---|---|---|---|
| २०७७/०९/१९ | ११:०० बजे | सेवा केन्द्र | हेटौडा, मकवानपुर | सेवा केन्द्र | लहान, सिरहा |
| २०७७/०९/२० | ११:०० बजे | सेवा केन्द्र | विरगंज, पर्सा | सेवा केन्द्र | गाईघाट, उदयपुर |
| २०७७/०९/२१ | ११:०० बजे | सेवा केन्द्र | कलैया, वारा | सेवा केन्द्र | कन्चनपुर, सप्तरी |
| २०७७/०९/२२ | ११:०० बजे | सेवा केन्द्र | गरुडा, रौतहट | सेवा केन्द्र | ईटहरी, सुनसरी |
| २०७७/०९/२३ | ११:०० बजे | सेवा केन्द्र | गौर, रौतहट | सेवा केन्द्र | धरान, सुनसरी |
| २०७७/०९/२४ | ११:०० बजे | सेवा केन्द्र | जनकपुर, धनुषा | सेवा केन्द्र | विराटनगर, मोरंग |
| २०७७/०९/२५ | ११:०० बजे | सेवा केन्द्र | जलेश्वर, महोत्तरी | सेवा केन्द्र | दमक, झापा |

*छलफलका विषयहरु :*

१. आ.व. ०७६/०७७ को लेखापरीक्षण प्रतिवेदन अनुमोदन सम्बन्धमा ।
२. आ.व. ०७८/०७९ को वार्षिक कार्यक्रम तथा बजेट अनुमोदन सम्बन्धमा ।
३. आ.व. ०७७/०७८ को लागी लेखापरीक्षक नियुक्ति सम्बन्धमा ।
४. लाभाश वितरण सम्बन्धमा ।
५. लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन सम्बन्धमा ।
६. संस्थाको नियमावलीहरु संशोधन अनुमोदन सम्बन्धमा ।
७. सेवा केन्द्र थप सम्बन्धमा ।
८. निर्वाचन सम्बन्धमा ।
९. निर्णय पुस्तिकाको अन्तमा दस्तखत गर्ने सम्बन्धमा ।
१०. विविध ।

द.
संचालक समितिको आज्ञाले
नागेन्द्र प्रसाद चौधरी
(महाप्रबन्धक)

**स्थान : रौनियार धर्मशाला लहान, सिरहा**

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

| | |
|---|---|
| वारुण यन्त्र, लहान | ०३३-५६३११९ |
| ईलाका प्रहरी कार्यालय, लहान | ०३३-५६०१५५ |
| ईलाका प्रशासन कार्यालय, लहान | ०३३-५६०२६६ |
| जि.ट्राफिक कार्यालय, लहान | ०३३-५६०७३७ |
| लहान नगरपालिकाको कार्यालय | ०३३-५६३१३८ |
| नेपाल विद्युत प्राधिकरण, लहान | ०३३-५६०२४६ |
| सव स्टेशन, लहान | ०३३-५६०४०० |
| नेपाल टेलिकम, लहान | ०३३-५६०४४४ |
| प्राविधिक शिक्षालय, लहान | ०३३-५६००१६ |
| अञ्चल यातायात कार्यालय, लहान | ०३३-५६०२१७ |
| रा.उ.स्मारक अस्पताल, लहान | ०३३-५६००१९ |
| आ. राजस्व कार्यालय, लहान | ०३३-५६००८८ |
| कृषि विकास बैंक, लहान | ०३३-५६०१४७ |
| कृषि सामाग्री संस्थान, लहान | ०३३-५६०१४८ |
| घरेलु तथा साना उद्योग, लहान | ०३३-५६०१२८ |
| दु.शा.अतिथि सदन, लहान | ०३३-५६०१६९ |
| आँखा अस्पताल, लहान | ०३३-५६००८० |
| जे.एस.मु.ब.क्याम्पस, लहान | ०३३-५६०२५२ |
| रक्त संचार केन्द्र, लहान | ०३३-५६०९७५ |
| मारवाडी सेवा सदन, लहान | ०३३-५६१४११ |
| जि.प्रशासन कार्यालय, सिरहा | ०३३-५२०१२३ |
| जिल्ला प्रहरी कार्यालय, सिरहा | ०३३-५२०११२ |
| नगर प्रहरी, सिरहा | ०३३-५२०२६७ |
| प्रहरी चौकी, माडर (सिरहा) | ०३३-५२०४०० |
| को.ले.नि.का. सिरहा | ०३३-५२०१३० |
| कृषि विकास बैंक, सिरहा | ०३३-५२०४७० |
| जिल्ला समन्वय विकास कार्यालय, सिरहा | ०३३-५२००३७ |
| सिरहा जिल्ला अदालत, सिरहा | ०३३-५२००५६ |
| जिल्ला अस्पताल, सिरहा | ०३३-५२००६४ |
| जनस्वास्थ्य कार्यालय, सिरहा | ०३३-५२००८१ |
| जिल्ला शिक्षा समन्वय इकाई शाखा, सिरहा | ०३३-५२०००४ |
| नेपाल टेलिकम, सिरहा | ०३३-५२००३३ |
| नेपाल विद्युत प्राधिकरण, सिरहा | ०३३-५२०१६१ |
| राष्ट्रिय बाणिज्य बैंक, सिरहा | ०३३-५२०००२ |
| रेडक्रस सोसाइटी, सिरहा | ०३३-५२००९५ |
| ईलाका प्रहरी कार्यालय, मिर्चैया | ०३३-५५०१०० |
| कृषि विकास बैंक, मिर्चैया | ०३३-५५०००५ |
| सिता नोबेल न्यूज सेन्टर | ०३३-५६००२७ |
| सविना बुक्स एण्ड सप्लायर्स लहान-७ | ०३३-५६०५११ |
| स्वस्तिका इलेक्ट्रिक एण्ड जेनरल अर्डर सप्लायर्स लहान-१० | ९८४२८९०९६५ |

# नगरवासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

***शीत-लहरको समयमा चिसोका कारण मानिसको मृत्युसमेत हुन सक्छ त्यसैले :***

१. न्यानो कपडाको जोहो समयमै गरौं । २. शीत-लहरको समयमा घरबाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घरबाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं । ३. रातको समयमा सिरक, कम्बलजस्ता न्यानो कपडा ओढ्ने गरौं । घरभित्र राति सुत्दा शरीरका साथै अनिवार्यरूपमा छाति तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔं । ४. शीत-लहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने गरौं । ५. चिसोको समयमा शरीरलाई चाहिने आवश्यक तातो झोलयुक्त खाने कुराहरू खाने बानीको विकास गरौं । ६. बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरूको हेरचाहमा विशेष सतर्कता अपनाउँदै न्यानो अवस्थामा राख्ने व्यवस्था मिलाऔं । ७. चिसोको कारण बिरामी भएमा तत्काले नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्त उपचारको लागि जाने बानीको विकास गरौं । ८. शीत-लहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाऔं । गोठ/टहरामै राखेर पर्याप्त घाँस, पराल र दाना दिने व्यवस्था मिलाऔं । ९. चिसोका कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधी/उपचार गर्न लैजाऔं । १०. कोठाभित्र आगो बाली तातो पार्दा पर्याप्त भेण्टिलेसनको व्यवस्था मिलाउन नभुलौं ।

| | |
|---|---|
| लहान नगरपालिका कार्यालय, सिरहा | कर्जन्हा नगरपालिका कार्यालय, सिरहा |
| मिर्चैया नगरपालिका कार्यालय, सिरहा | सुखिपुर नगरपालिका कार्यालय, सिरहा |
| कल्याणपुर नगरपालिका कार्यालय, सिरहा | धनगढीमाई नगरपालिका कार्यालय, सिरहा |
| गोलबजार नगरपालिका कार्यालय, सिरहा | सिरहा नगरपालिका कार्यालय, सिरहा |

# कहिलेदेखि खुल्छ लाइसेन्सको लिखित परीक्षा र ट्रायल ?

सवारी लाइसेन्सका लागि लिखित परीक्षा र ट्रायल नौ महिनादेखि ठप्प छ। कोरोना भाइरस (कोभिड–१९) को महामारीसँगै प्रदेशहरूले आफ्नो यातायात कार्यालयमार्फत नयाँ लाइसेन्स वितरण गरेका छैनन् ।

नयाँ लाइसेन्स लिने वा वर्ग थप गर्न चाहनेहरूको संख्या उल्लेख्य छ। तर सवारी लाइसेन्स कहिलेबाट खुल्छ भन्ने एकन नभएको यातायात व्यवस्था विभागले बताएको छ ।



विभागका माहनिर्देशक गोगनबहादुर हमाल सवारी लाइसेन्स परीक्षा खुलाउन आग्रह आउन थालेको बताए। अहिलेसम्म सुदूरपश्चिम, लुम्बिनी, गण्डकी र प्रदेश २ ले लाइसेन्सको परीक्षा र ट्रायल खुला गर्न प्रणालीमा पहुँच माग्दै पत्राचार गरेको भन्दै उनले भने, 'हामी अरू प्रदेशको पनि पत्र कुरिरहेका छौं। बागमती प्रदेशबाट पनि एक–दुई दिनभित्रै पत्र प्राप्त हुने जानकारीमा आएको छ ।'

हमालका अनुसार सबै प्रदशेबाट लाइसेन्सको परीक्षा खुलाउने निर्णय गरेको जानकारी आएपछि संघीय सरकारको भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमा जानकारी गराइनेछ । त्यसपछि मन्त्रालयले दिने निर्देशन अनुसार जनस्वास्थ्य मापदण्डलाई ध्यान दिँदै लाइसेन्सको परीक्षा खुला गर्ने निर्णय हुनेछ। *अनलाईनखबरबाट*

## उत्रेका...

उत्रेका मर्निङ स्टार क्रिकेट टिमले १० ओभरमा पाँच विकेट गुमाउदै ८४ रन बनाएर विजय सुरूवात तय गरेको थियो । मर्निङ स्टारको तर्फबाट संजिव दास १३, अतुल भुजेल १०, अमित दास १५ र पप्पु गुप्ताको १० रनको मद्दतले १० ओभर खेल्दै ८४ रन बनाई विजय सुरूवात गरेका छन् ।

## दिगो...

दिगो हुन्छ भन्नेतर्फ पर्नुपर्थ्यो । हामीले मुख्य खुड्किलो नै फड्क्यौं यसर्थ ।

त्यसैले सबैभन्दा पहिले जसले खेती गर्छ उसको स्वामित्वमा जमिन उपलब्ध गराउने/हुने वातावरण सिर्जना गर्नुपर्छ । त्यसका लागि वकालत र लबिङ जरूरी छ। त्यसपछि मात्र कृषि दिगो हुन सक्छ । अर्काको जमिनमा, त्यो पनि खाली पेट र बाध्यताबश बगाइने पसिना सधैँ सिँचाइमा परिणत हुन सक्दैन । यो त विकल्प फेला नपरून्जेलका लागि मात्र हो । त्यसैले विकल्प पर्खिरहेको पेसा दिगो हुनै सक्दैन । वास्तविकरूपमा खेती धानिरहेको ठूलो समुदायलाई बेवास्ता गरेर दिगो कृषिको नारा लगाउनु भनेको गन्तव्य निश्चित नभएको यात्राको थालनी मात्र हो । पोषिलो आहार अर्को त्यस्तैहतारिएको विषय बन्न पुगेको छ । पोषिलो विशेषण थप्नुअगाडि आहारकै प्रबन्ध मिलाउनेतर्फ सबैको ध्यान जानु जरूरी छ। जब पेट पर्न पुग्ने आहार उपलब्ध हुन्छ त्यसपछि बल्ल रसिलो/पोषिलोरभरिलो के के थप्नुपर्छ, त्यही त्यही विषय उठान गरौँला । दिनभर घोटिएबपात प्राप्त हुने एकाध माना कनिकामा नून, पानी र खोर्सानी घोलघाल पारेर ८–१० जनाको पेट तातो पार्नुपर्ने बाध्यता रहेसम्म पोषिलो आहार सपना मात्रै रहिरहने निश्चित छ ।

## वडा...

हुन् ।

समाजसेवी तथा बाबा मेडिसिनका संचालक श्याम प्रसाद राउतको हातबाट उद्घाटन गरिएको उक्त तालिममा कक्षा ८ देखि कक्षा १२ सम्मका ६५ जना विद्यार्थीहरूले नाम दर्ता गराएको वडा सदस्य साहले जानकारी दिए । वडा सदस्य साहले बेरोजगार युवालाई तालिम दिलाएर स्वरोजगार बन्न र आत्मनिर्भर हुन सहयोग पु¥याउने उद्धेश्यले तालिमआयोजना गरिएको र तालिम अवधिभर अनुशासित, लगनशील र मर्यादित भई ज्ञान लिन सहभागी परिक्षार्थीलाई आग्रह गरे ।

उनले आर्थिक, सामाजिक, राजनीतिक तथा साँस्कृतिक हिसाबले पछिपरेका दलित तथा मुस्लिम समुदाय लगायत विपन्न, असहाय, अपाङ्गता भएका विद्यार्थीलाई माथि उकास्न तालिमले महत्वपूर्ण भूमिका निर्वाह गर्ने भन्दै साहले तालिमपछि विद्यार्थीको जीवनमा परिवर्तन हुने विश्वास व्यक्त गरेका छन् । वडा सदस्य साहले पछाडी परेको समुदायलाई प्रविधि र ज्ञान सिकाइ प्रतिस्पर्धाबाट सक्षम बनाउन आवश्यकता अनुसार विभिन्न कार्यक्रम तथा तालिमहरूको आयोजना गर्दै जाने योजनाहरू रहेको समेत बनाएको बताएका छन् । चार वटा कम्प्युटर खरिद गरी सुरू गरिएको उक्त तालिममा दैनिक ७ सिफ्ट कक्षा संचालन गरी प्रविधी सम्बन्धी तालिम गराइने र आवश्यकता अनुसार कम्प्युटर पनि थप्दै जाने प्रशिक्षक श्याम कुमार महतोले बताए ।

## लहानमा ...

चौधरीले ब्याटिंग र विशिष्ट अतिथि फिरोज शेखले बलिङ्ग गर्दै क्रिकेट प्रतियोगिताको शुभारम्भ गरेका थिए ।

आठ टिम सहभागी प्रतियोगिता अन्तर्गत पहिलो उदघाटन खेल पतारी क्रिकेट क्लब र मर्निङ स्टार क्रिकेट टिम लहान बीच सम्पन्न भएको छ । प्रतियोगिता अन्तर्गत भएको उदघाटन खेलमा पतारी क्रिकेट क्लबलाई मर्निङ स्टार क्रिकेट टिमले ५ विकेटले पराजित गर्दै विजय सुरूवात ग¥यो ।

टस जितेर पहिला ब्याटिंग गर्दै पतारी क्रिकेट क्लबले १६ ओभरमा ५ बल खेल्दै सबै विकेट गुमाउदै कृष्णा गुप्ताको १७ र ऋषि यादवको १० रनको मद्दतले मात्र ८३ रनको योगफल तयार गर्न सफल भएको थियो । ८४ रनको झिनो लक्ष्य सहित जवाफी ब्याटिंग गर्न मैदानमा


भौतिक दुरी कायम गरी कोरोना भाइरसको संक्रमणबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

–: जनहितका लागि :–

हरेक खबर, विशेष खबर

जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७

राष्ट्रिय दैनिक

लहानपोस्ट्

LAHANPOST DAILY



## गाउँपालिकावासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

***शीत–लहरको समयमा चिसोका कारण मानिसको मृत्युसमेत हुन सक्छ त्यसैले :***

**१. न्यानो कपडाको जोहो समयमैं गरौं । २. शीत–लहरको समयमा घरबाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घरबाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं । ३. रातको समयमा सिरक, कम्बलजस्ता न्यानो कपडा ओढ्ने गरौं । घरभित्र राति सुत्दा शरीरका साथै अनिवार्यरुपमा छाति तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔं । ४. शीत–लहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने गरौं । ५. चिसोको समयमा शरीरलाई चाहिने आवश्यक तातो झोलयुक्त खाने कुराहरु खाने बानीको विकास गरौं । ६. बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउँदै न्यानो अवस्थामा राख्ने व्यवस्था मिलाऔं । ७. चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्त उपचारको लागि जाने बानीको विकास गरौं । ८. शीत–लहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाऔं । गोठ/टहरामैं राखेर पर्याप्त घाँस, पराल र दाना दिने व्यवस्था मिलाऔं । ९. चिसोका कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधी/उपचार गर्न लैजाऔं । १०. कोठाभित्र आगो बाली तातो पार्दा पर्याप्त भेण्टिलेसनको व्यवस्था मिलाउन नभुलौं ।**

बरियारपट्टी गाउँपालिका कार्यालय, सिरहा

अर्नमा गाउँपालिका कार्यालय, सिरहा

नवराजपुर गाउँपालिका कार्यालय, सिरहा

भगवानपुर गाउँपालिका कार्यालय, सिरहा

लक्ष्मीपुर पतारी गाउँपालिका कार्यालय, सिरहा

औरही गाउँपालिका कार्यालय, सिरहा

सखुवानन्कारकट्टी गाउँपालिका कार्यालय, सिरहा

विष्णुपुर गाउँपालिका कार्यालय, सिरहा

नरहा गाउँपालिका कार्यालय, सिरहा


लहानपोस्ट् दैनिकका लागि प्रकाशक : भरत जर्घामगर, सम्पादक : शम्भु कुमार यादव, कानुनी सल्लाहकार : सन्तोष सुवेदी कम्प्यूटर ले–आउट : महेन्द्र प्रसाद चौधरी
कार्यालय :लहान नगरपालिका–१०, सिरहा फोन नं. ०३३५६१९६७, ९८५२८२४९६७, ९८५२८३९३१५ website : www.lahanpost.com , *e-mail : lahanpost@gmail.com* मुद्रक : न्यू यदुवंशी अफसेट प्रेस, लहान,(सिरहा)